बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल
Phone No:076550383
Google + Code: M5QF+48

पत्र संख्या.:०८०।८१
चलानी नं.:

मितिः २०८१।०२।२३

## Biometric Verification का लागि सामाजिक सुरक्षा प्रणालीमा राष्ट्रिय परिचयपत्र नं. प्रविष्ट गराउने सम्बन्धी सूचना

श्री सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही सबै
(५ वर्ष मुनिका बालबालिका र पूर्ण अपाङ्ग बाहेक),
बाणगङ्गा नगरपालिका,
कपिलवस्तु।

प्रस्तुत विषयमा यस बाणगङ्गा नगरपालिका अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ५ वर्ष मुनिका बालबालिका र पूर्ण अपाङ्ग बाहेकका लाभग्राहीहरुको आ.व. ०८१-८२ को सामाजिक सुरक्षा भत्ता नविकरण Biometric Verification प्रक्रियाबाट गरिने र सोको लागि सामाजिक सुरक्षा प्रणालीमा राष्ट्रिय परिचयपत्र नं. अनिवार्य प्रविष्ट गर्नुपर्ने हुँदा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य वा प्राप्त गरिरहेको लाभग्राहीले आफ्नो वडा कार्यालयमा गइ देयाहका कार्य गरी सामाजिक सुरक्षा प्रणालीमा राष्ट्रिय परिचयपत्र नं. प्रविष्ट गराउनुहुन यो सूचना जारी गरिएको छ।

देहायः

१. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य वा प्राप्त गरिरहेको लाभग्राहीले राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गरी नसकेको भए इलाका प्रशासन कार्यालय बाणगङ्गामा Enrolment गर्नुहुन,
२. राष्ट्रिय परिचयपत्रको आवेदन फारम मात्र भएका र राष्ट्रिय परिचयपत्र नं. प्राप्त नगरेका लाभग्राहीहरुले **S<space>आवेदन नं. लेखि 30001** मा म्यासेज गरी वा http://citizenportal.donidcr.gov.np/Citizenportal लिङ्क मार्फत वा **वडा कार्यालय** मार्फत सोही दिन वा एक दिन पछी राष्ट्रिय परिचयपत्र नं. प्राप्त गर्नुहुन,
३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीले आफ्नो वडा कार्यालयमा गइ राष्ट्रिय परिचयपत्र नं. सहितको सामाजिक सुरक्षा भत्ता प्रविष्टको गराउनुहुन,
४. सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले तपशिलमा उल्लेखित कागजात सहित आफ्नो वडा कार्यालयमा गइ सामाजिक सुरक्षा भत्ता प्रणालीमा राष्ट्रिय परिचयपत्र नं. प्रविष्टको गराउनुहुन।

आवश्यक कागजातहरुः

१. सामाजिक सुरक्षा लाभग्राही परिचयपत्र फोटोकपी
२. राष्ट्रिय परिचयपत्र आवेदन फारम वा राष्ट्रिय परिचयपत्र नं. सहितको फारमको फोटोकपी
३. बसाइसराइको हकमा वसाइसराइ प्रमाणपत्रको फोटोकपी
४. बैंक खाता नं. (चेक) को फोटोकपी
५. एकल महिला र विधुवाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको फोटोकपी
६. अपाङ्गको हकमा स्थानीय तहबाट जारी भएको अपाङ्ग परिचयपत्र